प्राप्त १३ बुँदे निर्देशन समेतलाई दृष्टिगत गर्दै सो सम्बन्धमा थप प्रचार-प्रसार र कडाई गर्ने निर्णय गरियो । साथै यस सम्बन्धमा आगामी दिनमा प्राप्त हुने निर्देशनहरूलाई सोही बमोजिम तत्काल कार्यान्वयन गर्ने/गराउने निर्णय गरियो ।

## निर्णय नं. १०

स्वास्थ्य कार्यालय एवं स्वास्थ्य केन्द्रहरूसँग आवश्यकता अनुसार सहयोग लिई पालिकाहरूले आफ्नो क्षेत्र भित्र **Quarantine** का लागि उपयुक्त स्थानको पहिचान गरी तयारी अवस्थामा राख्ने गरी प्रत्येक पालिकाले आवश्यक कार्यहरू गर्ने र छनौट गरिएको स्थान तयारी भए पश्चात सोको जानकारी जिल्ला प्रशासन कार्यालय सप्तरी, स्थानिय प्रहरी र स्वास्थ्य कार्यालयलाई गराउने निर्णय गरियो ।

## निर्णय नं. ११

**Isolation** मा राख्नु पर्ने गम्भीर अवस्थाका विरामी/शंकास्पद ब्यक्ति देखिएमा पालिका स्थित स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकीमा त्यस्ता बिरामीलाई उपयुक्त सतर्कता सहित तत्कालका लागि छुट्टै राख्ने आवश्यक ब्यवस्था मिलाई थप उपचार/ब्यवस्थाका लागि गजेन्द्र नारायण सिंह सगरमाथा अञ्चल अस्पताल वा तोकिए बमोजिमका अन्य स्थानमा आवश्यक प्रबन्ध मिलाई स्वास्थ्यकर्मी एवं स्थानिय प्रहरीको सहयोगमा पठाउन स्थानिय निकायहरूले आवश्यक कार्य गर्ने/गराउने निर्णय गरियो ।

## निर्णय नं. १२

राजविराज स्थित विमानस्थलमा संचालनमा रहेको **Health Desk** द्वारा यात्रुहरूको जाँच पश्चात् यात्रुहरूको **Boarding Pass** मा स्वास्थ्य जाँच गरिएको सन्देश दिने खालको छाप/चिन्ह प्रयोगमा ल्याउन स्वास्थ्य कार्यालयले आवश्यक प्रबन्ध गर्ने र सो प्रकारको छाप/चिन्ह लागेको **Boarding Pass** धारक यात्रुहरूलाई मात्र थप सुरक्षा जाँच लगायतका नियमानुसारको प्रक्रियामा सामेल गराउन राजविराज विमानस्थल तथा सो स्थानमा खटिने सुरक्षाकर्मीहरूलाई निर्देशन दिने निर्णय गरियो ।

## निर्णय नं. १३

नेपाल भारत बीचको अन्तर्राष्ट्रिय सीमानामा जथाभावी आफूलाई पायक पर्ने स्थानबाट सर्वसाधारणले ओहर दोहर गर्ने गरेको पाइएको हुँदा **Health Desk** राखिएको स्थानबाट मात्र ओहर दोहर हुने गरी सीमा क्षेत्रको आवागमनलाई ब्यवस्थित बनाउन सीमा क्षेत्रमा खटिएका सुरक्षाकर्मीहरूलाई निर्देशन दिने निर्णय गरियो ।

प्रमुख जिल्ला अधिकारी

## निर्णय नं. १४

२०७६ चैत्र ६ बाट शुरू हुने SEE जाँचका समयमा परीक्षा केन्द्र आसपासमा भीडभाड नगर्न केन्द्राध्यक्ष र सुरक्षाकर्मी मार्फत अभिभावक/सर्वसाधारणलाई अनुरोध गर्ने निर्णय गरियो । त्यसैगरी परीक्षा केन्द्रहरूमा यथासम्भव हात धुने ब्यवस्था मिलाउन र रूघाखोकी जस्ता लक्षण देखिएका शंकास्पद परीक्षार्थीहरूलाई छुट्टै जाँच दिने ब्यवस्था मिलाउन सम्बन्धित विद्यालय/केन्द्राध्यक्षलाई अनुरोध गर्ने निर्णय गरियो । शंकास्पद देखिएमा त्यस्ता परीक्षार्थीहरूलाई परीक्षा पश्चात् नजिकको स्वास्थ्य केन्द्रमा पठाउन उपयुक्त ब्यवस्था मिलाउन समेत केन्द्राध्यक्षहरूलाई अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं. १५

प्रत्येक पालिकाहरूमा सक्रिय हुनुपर्ने **Quick Response Team** हालसम्म पनि कुनै पालिकामा गठन नभएको वा गठन भएर पनि सक्रिय नरहेको भए सोलाई सक्रिय बनाउन जिल्ला प्रशासन कार्यालय, सप्तरीद्वारा मिति २०७६/११/३० मा जिल्ला स्थित स्थानिय तहहरूलाई पत्राचार गरिएकोमा अझै पनि सो **QRT** सक्रिय नरहेको भए त्यस्ता स्थानिय तहहरूले तत्काल **QRT** लाई सक्रिय गराउने निर्णय गरियो ।

## निर्णय नं. १६

प्रत्येक पालिकाहरूलाई कोरोना प्रतिकार्य योजना तयारीका लागि जिल्ला प्रशासन कार्यालय, सप्तरीद्वारा पत्र पठाइएकोमा समयाभावका कारण सो योजना तयारीको क्रममा नै रहेको जानकारी प्राप्त हुन आएकोले प्रत्येक स्थानिय तहले यथाशीघ्र उक्त योजना तयार गर्ने/गराउने निर्णय गरियो ।

## निर्णय नं. १७

जिल्ला स्थित सम्पूर्ण एम्बुलेन्सहरूलाई तयारी अवस्थामा राख्नका लागि स्वास्थ्य कार्यालय, स्थानिय तह र स्थानिय प्रहरी मार्फत एम्बुलेन्स सञ्चालक सम्पूर्ण संघ, संस्था, कार्यालयलाई पुनः अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं. १८

जिल्ला स्थित सम्पूर्ण राष्ट्रिय/अन्तर्राष्ट्रिय गै.स.स.हरू, नेपाल रेडक्रस सोसाइटी, सप्तरी, उद्योग वाणिज्य संघ सप्तरी लगायतका संघ/संस्थाहरूलाई आवश्यक परेको समयमा आवश्यकता अनुसारको सहयोग उपलब्ध गराउन सक्ने गरी यथासम्भव तयारी अवस्थामा रहन अनुरोध गर्ने निर्णय गरियो ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

प्रमुख जिल्ला अधिकारी

एजेण्डाहरू:-

१. COVID–19, कोरोना संक्रमण रोकथाम, पूर्वतयारी ।

२. आगामी हावाहुरी र आग लागीको मौसम सम्बन्धी पूर्वतयारी ।

३. मनसून पूर्वतयारी समबन्धमा ।

## COVID–19, कोरोना संक्रमण रोकथाम पूर्वतयारी

### निर्णय नं. १

विभिन्न मितिमा गृह मन्त्रालयबाट COVID-19, कोरोना रोकथाम/पूर्व तयारी सम्बन्धमा प्राप्त पत्रहरू, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६/११/२८ च.नं. ३६७ बाट सोही विषयमा स्थानीय तहहरूलाई पठाइएको निर्देशन तथा यसै सन्दर्भमा प्रदेश सरकार, आन्तरीक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. २ बाट मिति २०७६/१२/३ मा गरिएको बैठकबाट भएको १३ बुँदे निर्णय आजको यस बैठक मार्फत समितिका सदस्यहरूलाई जानकारी गराउँदै आ-आफ्नो क्षेत्रानुसारको उल्लेखित निर्णय/निर्देशनहरू कार्यान्वयन गर्ने/गराउने निर्णय गरियो ।

### निर्णय नं. २

यसै सन्दर्भमा हालसम्म यस जिल्लामा सम्पादित कार्यहरूको समिक्षा गर्दै आगामी दिनमा त्यस्ता कार्यहरूमा थप तिब्रता ल्याउने निर्णय गरियो ।

### निर्णय नं. ३

राजविराज नगरपालिका स्थित साई कृष्णा मेडिकल कालेजको पूरानो भवनलाई क्वारेण्टाइन प्रयोजनका लागि उपयोगमा ल्याउन सकिने गरी तयारी अवस्थामा राख्न राजविराज नगरपालिकाले तत्काल आवश्यक कार्यहरू गर्ने र सोका लागि कुनै प्रकारको प्राविधिक सहयोग आवश्यक भएमा उक्त सहयोग स्वास्थ्य कार्यालयले उपलब्ध गराउने निर्णय गरियो ।

यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतद्वारा मिति २०७६।०१।०८. मा भएको फैसला मालपोत कार्यालय सप्तरीद्वारा तत्काल कार्यान्वयन गर्ने/गराउने निर्णय गरियो ।

### निर्णय नं. ४

जिल्ला सदरमुकाम राजविराज नगरपालिका स्थित गजेन्द्र नारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा ICU सेवा उपलब्ध नरहेको जानकारी आजको यस बैठकमा गराइएको हुँदा वर्तमान अवस्थाको गाम्भीर्यतालाई दृष्टिगत गर्दै अञ्चल अस्पतालमा यथाशीघ्र ICU सेवा सञ्चालन सम्बन्धमा आवश्यक ब्यवस्था हुन नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो । साथै उक्त अस्पतालले आफ्नो श्रोत साधनले भ्याएसम्म हाल कायम रहेको चार (४) वटा Isolation Bed को उपलब्धतालाई यथासम्भव बढाउने निर्णय गरियो ।

प्रमुख जिल्ला अधिकारी

## निर्णय नं. ५

जिल्लामा सञ्चालित यूनिक अस्पताल रायपुर, छिन्नमस्ता अस्पताल राजविराज र प्रहरी अस्पताल रूपनीको भौतिक पूर्वाधार, उपलब्ध श्रोत साधन लगायतका अवस्थाका विषयमा आजको यस बैठकमा छलफल भई प्राप्त जानकारी अनुसार, उक्त अस्पतालहरूलाई तपसील बमोजमको **Isolation Bed** र **ICU Bed** तयारी अवस्थामा राख्न अनुरोध गर्ने निर्णय गरियो ।

**क) यूनिक अस्पताल, रायपुर** - २०. (बीस) शैय्या **Isolation** र ५ (पाँच) शैय्या **ICU** का लागि

**ख) छिन्नमस्ता अस्पताल, राजविराज** - १० (दश) शैय्या **Isolation** र ८ (आठ) शैय्या **ICU** का लागि ।

**ग) प्रहरी अस्पताल, रूपनी** - सम्भव भएसम्मको संख्यामा क्वारेन्टाइन शैय्या ।

## निर्णय नं. ६

हालसम्म जिल्लामा आपूर्तिमा कमी एवं कालोबजारी सम्बन्धी कुनै समस्याको जानकारी प्राप्त हुन नआएता पनि आपूर्ति ब्यवस्थापन सुनिश्चित गर्न एवं कालोबजारी नियन्त्रणका लागि स्थानीय तहहरूले बजार अनुगमन सम्बन्धी कार्यलाई थप सक्रिय बनाउने तथा उक्त कार्यमा जिल्ला प्रशासन कार्यालय सप्तरी उद्योग वाणिज्य संघ र स्थानिय प्रहरीले सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ७

स्वास्थ्य कार्यालय र केही स्थानिय तहहरूबाट हालसम्म यस सम्बन्धमा गरिँदै आएको सचेतनामूलक प्रचार प्रसारलाई थप सघनता प्रदान गर्नका लागि सम्पूर्ण स्थानिय तहले आफ्नो पालिका क्षेत्रमा **COVID-19** सम्बन्धी सचेतनामूलक प्रचार/प्रसारलाई विभिन्न माध्यमबाट अभियानका रूपमा सञ्चालन गर्ने गराउने निर्णय गरियो ।

## निर्णय नं. ८

**COVID-19** सम्बन्धि सचेतनामूलक कार्यहरूमा जिल्ला स्थित सम्पूर्ण सरकारी कार्यालय, सार्वजनिक एवं निजी क्षेत्रका सम्पूर्ण कार्यालय, प्रतिष्ठान एवं ब्यवसायलाई सक्रिय सहयोगका लागि अनुरोध गर्नुका साथै प्रत्येक सरकारी कार्यालय/सार्वजनिक निकायले आफ्नो कार्यालयको सहज स्थानमा यथासम्भव साबुन-पानीले हात धुने ब्यवस्था मिलाउने निर्णय गरियो । यस सम्बन्धि विषयलाई नियमित मासिक कार्यालय प्रमुख बैठकमा प्रवेश गराउने निर्णय समेत गरियो ।

## निर्णय नं. ९

भीड भाड, जमघट हुने खालका कुनै कार्यक्रम यथासम्भव नगर्न र गर्नैपर्ने अवस्थामा पनि उपस्थिति न्यूनतम राख्न विगतदेखि सर्वसाधारणलाई अनुरोध गर्दै आइएकोमा प्रदेश सरकारबाट

प्रमुख जिल्ला अधिकारी

## आगमी हावाहुरी र आगलागीको मौसम सम्बन्धी

### निर्णय नं. १८

आगामी हावाहुरी तथा आगलागीको मौसममा यिनीहरूबाट हुन सक्ने क्षति न्यूनीकरण गर्न तथा यस मौसममा हुने रोगहरूको लागि अपनाइनु पर्ने सुरक्षा सतर्कता सम्बधमा जनचेतनामूलक प्रचार सामग्री तयार गरी स्थानिय तह र स्वास्थ्य कार्यालयले ब्यापक प्रचारको लागि आवश्यक ब्यवस्था मिलाउने निर्णय गरियो ।

### निर्णय नं. २०

निर्णय नं. १८ बमोजिमको अवस्थालाई सामना गर्न स्वास्थ्य कार्यालयको समन्वयमा आवश्यक औषधीको उपलब्धताको आँकलन गरी आफ्नो पालिका क्षेत्र भित्रको स्वास्थ्य संस्थाहरूमा त्यस्ता औषधीहरूको पर्याप्त उपलब्धता सुनिशित गर्न प्रत्येक स्थानिय तहले तत्कालबाट आवश्यक कार्यहरू गर्ने गराउने निर्णय गरियो । साथै स्वास्थ्य कार्यालयले समेत यस कार्य (औषधी ब्यवस्था) को लागि स्थानिय तहहरूलाई यथासम्भव सहयोग गर्ने निर्णय गरियो ।

### निर्णय नं. २१

आगलागी पिडितको उपचारमा आवश्यक हुने Silver Sulphadizine नामक औषधीको गत वर्ष गजेन्द्र नारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा अभाव रहेको अनुभवको आधारमा यस वर्ष त्यस प्रकारको अवस्था आउन नदिन उक्त अस्पतालले पूर्व सक्रियताका साथ सम्बन्धित नियकाहरूसंग समन्वय गरी उक्त औषधीको पर्याप्त उपलब्धता तथा यस मौसममा हुन सक्ने स्वास्थ्य सम्बन्धी समस्याहरूका लागि आवश्यक सम्पूर्ण पूर्व तयारी गरी जनताको सहज, सुलभ औषधोपचार सुनिश्चित गर्ने निर्णय गरियो ।

### निर्णय नं. २२

जिल्लाको वनक्षेत्रमा हुने गरेको आगलागी/डढेलो नियन्त्रण गर्नका लागि डिभिजन वन कार्यालयले स्थानिय स्तरमा जनचेतनामूलक प्रचार प्रसार गर्नुका साथै त्यस्तो आवस्था आएमा नेपाली सैना, सशस्त्र प्रहरी, डिभिजन वन कार्यालय लगायतले समन्वयात्मक रूपमा परिचालित भई आगलागी/डढेलो नियन्त्रण गर्ने निर्णय गरियो ।

### निर्णय नं. २३

स्थानिय तहहरूमा उपलब्ध अग्निशामक (दमकल) लाई मर्मत सम्भार गर्नुपर्ने भएमा सो समेत गरी जुनसुकै बखत प्रयोगमा ल्याउन सकिने गरी तयारी हालतमा राख्न सम्बन्धित स्थानिय तहहरूलाई अनुरोध गर्ने निर्णय गरियो ।

प्रमुख जिल्ला अधिकारी

## मनसून पूर्वतयारी सम्बन्धमा

### निर्णय नं. २४

यो जिल्ला बाढीको दृष्टिकोणबाट उच्च जोखिममा रहेको हुँदा मौसम सम्बन्धी पूर्व सूचना यस जिल्लाको Mobile set मा आउने व्यवस्था मिलाउन गत वर्ष Nepal Telecom लाई गरिएको अनुरोध सम्बन्धी निर्णय कार्यान्वयन नभएकोले अगामी मनसूनमा सोको व्यवस्था मिलाउनका लागि Nepal Telecom लाई यस वर्ष समयपूर्व नै अनुरोध गर्ने निर्णय गरियो ।

### निर्णय नं. २५

COVID–19, रोकथाम पूर्वतयारी सम्बन्धी कार्यहरूमा प्रतिकुल प्रभाव नपर्ने गरी स्थानिय तह र स्थानिय स्तरमा उपलब्ध Heavy Equipment र Operator हरूको नाम, सम्पर्क नम्वर स्थानिय प्रहरीले संकलन गरी रोष्टर तयार गरी राख्ने निर्णयो ।

### निर्णय नं. २६

बाढी, डूवान, कटान सम्बन्धी समस्या न्यूनीकरण गर्न आकस्मिक कार्य संचालन गर्नुपर्ने नदी नियन्त्रण, सिँचाई जस्ता कार्यालयहरूमा सो प्रकारको आकस्मिक कार्य संचालनका लागि बजेटको उपलब्धता नभएमा गत विगतको अनुभवको आधारमा बस्तुपरक आँकलन गरी त्यस्ता कार्यालयहरूले प्रदेश नं. २ सरकारसंग समयमै आवश्यक बजेट माँग गर्ने निर्णय गरियो ।

### निर्णय नं. २७

विपद् रोकथाम संग सम्बन्धित योजना संचालन गरिरहेका स्थानिय तह र अन्य सरकारी कार्यालयहरूले उच्च प्राथमिकताका साथ द्रुत गतिमा त्यस्ता विकास निर्माण संग सम्बन्धित कार्यहरू संचालन गरी समयमै कार्य सम्पन्न हुने सुनिश्चित गर्ने/गराउने निर्णय गरियो ।

### निर्णय नं. २८

हाल COVID–19 का कारण बन्द रहेका विद्यालयहरू पुनः संचालनमा आए पश्चात स्थानिय तहहरूले विद्यालयहरूमा विपद् (खासगरी मनसूनजन्य विपद्) बाट जोगिन अपनाइनु पर्ने सुरक्षा सतर्कता र सचेतना अभिवृद्धि गर्ने प्रकृतिका क्रियाकलाप संचालन गर्ने/गराउने निर्णय गरियो ।

### निर्णय नं. २९

बाढी र अन्य प्रकारका विपद्का समयमा अश्रयस्थल निर्माण गर्न आवश्यक देखिएका स्थानिय तहहरूले उपयुक्त स्थानको खोजी एवं पहिचान गरी सिफारिस सहित जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउने निर्णय गरियो ।

०७६।१२।१८

प्रमुख जिल्ला अधिकारी